**संघीय संसद**

**प्रतिनिधि सभा**

**विकास तथा प्रविधि समिति**

**खानेपानी तथा सरसफाइ सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक सम्वन्धमा दफावार छलफल गरी पेश गरेको**

**<u>समितिको प्रतिवदेन,२०७७</u>**

खानेपानी तथा सरसफाइ सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक यसपछि "विधेयक" भनिएको,-

१. विधेयकको प्रस्तावनामा रहेका "खानेपानी तथा सरसफाइ सेवा" भन्ने शव्दहरुको सट्टा "खानेपानी तथा सरसफाइ सेवामा पहुँच" भन्ने शव्दहरु राख्ने ।

२. विधेयकको दफा १ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः-

"(१) यस ऐनको नाम "खानेपानी तथा सरसफाइ ऐन, २०७७" रहेको छ।"

३. विधेयकको दफा २ को,-

(१) खण्ड (ग) मा रहेका "दफा २९"भन्ने शव्दहरुको सट्टा "दफा २८"भन्ने शव्द राख्ने ।

(२) खण्ड (छ) मा रहेका "खानेपानीको सञ्चय, स्थानान्तर" भन्ने शव्दहरुको सट्टा "तोकिएको मापदण्ड बमोजिमको पानीको सञ्चय, स्थानान्तरण, प्रशोधन" भन्ने शव्दहरु राख्ने ।

(३) खण्ड (ञ) मा रहेको "गुणस्तरीय" भन्ने शव्दहरु झिक्ने र सोही खण्डमा रहेका "तत्व नभएको" भन्ने शव्दहरु पछि "राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड बमोजिमको" भन्ने शव्दहरु थप्ने ।

(४) खण्ड (ठ) मा रहेका "सतही वा भूमिगत" भन्ने शव्दहरुको सट्टा "भूमिगत वा सतही" भन्ने शव्द राख्ने र सोही खण्डमा रहेका "अन्य कुनै" भन्ने शव्दहरु पछि "सुरक्षित" भन्ने शव्द थप्ने ।

(५) खण्ड (ढ) मा रहेका "दफा ४०" सट्टा "दफा ३९ भन्ने शव्दहरु राख्ने ।

(६) खण्ड (ण) मा रहेको "पोखरी," भन्ने शव्द पछि "ढुंगेधारा," भन्ने शव्द थप्ने।

(७) खण्ड (द) मा रहेको "केन्द्र" भन्ने शव्दको सट्टा "प्रणाली" भन्ने शव्द राख्ने ।

(८) खण्ड (फ) देहायको खण्ड (ब) थप्नेः-

"(ब) "स्थानीय तह" भन्नाले गाँउपालिका वा नगरपालिका सम्झनु पर्छ।"

४. विधेयकको दफा ३ को उपदफा (२) को,-

(१) खण्ड (क) मा रहेका "सुलभ पहुँचको" भन्ने शव्दहरुको सट्टा "सहज, सुलभ र पहुँचको" भन्ने शव्दहरु राख्ने।

(२) खण्ड (ग) मा रहेका " सरसफाइमा सुलभ पहुँचको" भन्ने शव्दहरुको सट्टा "सरसफाइ सेवामा सहज, सुलभ र पहुँचको" भन्ने शव्दहरु राखे।

५. विधेयकको दफा ४ को,-

(१) उपदफा (२) मा रहेको "अग्राधिकार" भन्ने शव्दको सट्टा "अधिकार सुरक्षित" भन्ने शव्दहरु राखे।

(२) उपदफा (३) मा रहेका "कुनै बस्ती" भन्ने शव्दहरुको सट्टा "कुनै व्यक्ति, बस्ती" भन्ने शव्हरु र सोही खण्डमा रहेका "त्यस्तो बस्ती" भन्ने शव्दहरुको सट्टा "त्यस्तो व्यक्ति, बस्ती" भन्ने शव्दहरु राखे ।

६ विधेयकको दफा ६ मा रहेका "उपयोग गर्ने" भन्ने शव्दहरुको सट्टा "उपयोग गर्न सम्बन्धित सरकारलाई सहयोग गर्ने" भन्ने शव्दहरु राखे ।

७ विधेयकको दफा ७ को,-

(१) उपदफा (५) मा रहेका "उपयुक्त परिमाणको" भन्ने शव्दहरुको सट्टा "उपयुक्त गुणस्तर र परिमाणको" भन्ने शव्दहरु राखे।

(२) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखेः-

"(७) खानेपानी तथा सरसफाइ सेवाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

८ विधेयकको दफा ८ को सट्टा देहायको दफा ८ राखेः-

"८. खानेपानी तथा सरसफाइको जिम्मेवारी तथा दायित्वः (१) खानेपानी सेवा, सरसफाइ सेवा तथा आयोजनाको अनुमतिपत्र प्रदान, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी र दायित्व नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुनेछ।

(२) देहायका खानेपानी तथा सरसफाई आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन गर्ने जिम्मेवारी र दायित्व नेपाल सरकारको हुनेछः-

(क) नेपाल सरकारसँग सहलगानीमा निर्माण हुने तथा वैदेशिक सहायताका आयोजना,

स्पष्टिकरणः यस खण्ड प्रयोजनको लागि "सहलगानी" भन्नाले नेपाल सरकार तथा प्रदेश सरकार वा नेपाल सरकार तथा स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह बीच हुने लागानी सम्झनु पर्छ र सो शव्दले त्यस्ता सरकार र स्थानीय तह तथा उपभोक्ता समिति बीच हुने लगानी समेतलाई जनाउँछ ।

(ख) एक भन्दा बढी प्रदेशसँग सम्बन्धित आयोजना,

(ग) एउटा जलाधार क्षेत्रको स्रोतको पानी अर्को जलाधार क्षेत्रमा स्थानान्तरण गर्ने आयोजना,

(घ) ठूला लगानी आवश्यक पर्ने बहुउद्देश्यीय फोहोरपानी प्रशोधन तथा व्यवस्थापन गर्ने आयोजना,

(ङ) उपदफा (४) र (५) बमोजिम स्थानीय तह र प्रदेश सरकारको श्रोत, साधन र जनशक्तिबाट निर्माण, सञ्चालन र व्यवस्थापन हुन नसकेका आयोजना,

(च) नेपाल सरकारले आवश्यक देखेको अन्य कुनै आयोजना।

(३) उपदफा (२) बमोजिमका खानेपानी तथा सरसफाई आयोजनाको मर्मत तथा संभारको कार्य तोकिए बमोजिम हुनेछ।

(४) आफ्नो श्रोत, साधान र जनशक्तिको परिचालन गर्ने क्षमता समेतको आधारमा आफ्नो भौगोलिक क्षेत्र भित्रको खानेपानी तथा सरसफाई आयोजनाको अनुमति, निर्माण, सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन गर्ने जिम्मेवारी र दायित्व सम्बन्धित प्रदेश सरकारको हुनेछ ।

(५) आफ्नो श्रोत, साधन र जनशक्तिको परिचालन गर्ने क्षमता समेतको आधारमा आफ्नो क्षेत्रभित्रको खानेपानी तथा सरसफाई आयोजनाको अनुमति, निर्माण, सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन गर्ने जिम्मेवारी र दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ।

(६) उपदफा (४) र (५) बमोजिमको आयोजनाको अनुमति, निर्माण, सञ्चालन, व्यवस्थापन, मर्मत तथा संभार र नियमन सम्बन्धित प्रदेश तथा स्थानीय तहको कानून बमोजिम हुनेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित प्रदेश र स्थानीय तहको कानून नबनेसम्मका लागि उपदफा (४) र (५) बमोजिमको आयोजनाको अनुमति, निर्माण, सञ्चालन, व्यवस्थापन, मर्मत तथा संभार र नियमनको कार्य नेपाल सरकारले यस ऐन बमोजिम गर्न सक्नेछ।

(८) उपदफा (२), (४) र (५) बमोजिम निर्माण, सञ्चालन र व्यवस्थापन हुने आयोजनामा दोहोरोपना हुन नदिन आयोजनाको नाम र सञ्चालन हुने स्थान, खानेपानीको स्रोत, लाभान्वित हुने जनसंख्या तथा लगानीको स्रोत खुलाई आयोजना छनौट गर्नुभन्दा अघि सम्बन्धित स्थानीय तहले प्रदेश सरकार तथा नेपाल सरकारलाई, प्रदेश सरकारले सम्बन्धित स्थानीय तह तथा नेपाल सरकारलाई र नेपाल सरकारले स्थानीय तह र प्रदेश सरकारलाई तोकिए बमोजिम जानकारी गराउनु पर्नेछ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अत्यावश्यक खानेपानी तथा सरसफाइ सेवाको आयोजना, बढी लागत वा विशिष्टीकृत प्राविधिक दक्षता आवश्यक पर्ने, भौगोलिक जटिलता तथा जनशक्तिका कारण आफूले सम्पन्न गर्न नसक्ने आयोजना निर्माण तथा सञ्चालनको लागि स्थानीय तहले नेपाल सरकार वा प्रदेश सरकार समक्ष अनुरोध गर्न सक्नेछ।

(१०) उपदफा (९) बमोजिम स्थानीय तहबाट अनुरोध भई आएमा प्रदेश सरकारले आफ्नो स्रोत साधन, प्राविधिक दक्षता तथा जनशक्तिबाट निर्माण तथा सञ्चालन गर्न सक्ने अबस्था देखिएमा त्यस्तो आयोजनाको निर्माण तथा सञ्चालन गर्नु पर्नेछ र सो बमोजिम गर्न सक्ने अबस्था नदेखिएमा नेपाल सरकार समक्ष अनुरोध गर्नु पर्नेछ ।

(११) उपदफा (९) बमोजिम स्थानीय तहबाट र उपदफा (१०) बमोजिम प्रदेश सरकारबाट अनुरोध भई आएका आयोजना नेपाल सरकारले निर्माण र सञ्चालन गर्नु पर्नेछ।"

९ विधेयकको दफा ९ को उपदफा (२) को खण्ड (ग) झिक्ने ।

१० विधेयकको दफा १० को उपदफा (१) मा रहेका "दफा ८ को उपदफा (२) को खण्ड (क) बमोजिमको" भन्ने शव्दहरुको सट्टा "यस ऐन बमोजिम" भन्ने शव्दहरु राख्ने ।

११ विधेयकको दफा ११ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः-

"(१) दफा १० बमोजिम परेको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा यस ऐन बमोजिम अनुमति दिन उपयुक्त देखिएमा तोकिएको अधिकारीले देहायको अबधिभित्र आवश्यक शर्त उल्लेख गरी तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछः-

(क) सानो पूँजि वा लागतको आयोजनाको हकमा निवेदन परेको मितिले तीस दिन भित्र,

(ख) ठूला पूँजि तथा लागतको आयोजनाको हकमा सामान्यतया निवेदन परेको मितिले नव्वे दिन भित्र।

(२) उपदफा (२) मा रहेका "यस ऐन तथा प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी" भन्ने शव्दहरुको सट्टा "तोकिए बमोजिम" भन्ने शव्दहरु राख्ने "

१२ विधेयकको दफा १३ को,-

"(१) उपदफा (१) मा रहेका "यस ऐन बमोजिम" भन्ने शव्दहरुको सट्टा "दफा ११ बमोजिम" भन्ने शव्दहरु राख्ने।

(२) उपदफा (६) मा रहेको "उपदफा (१) भन्ने शव्दहरुको सट्टा "उपदफा (४)" भन्ने शव्दहरु राख्ने।"

१३ विधेयकको दफा १५ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने

"(२) उपदफा (१) बमोजिम दिएको आदेशको पालना नगरेमा वा अनुमतिपत्रमा तोकिएको शर्तको उलंघन गरेमा तोकिएको अधिकारीले दफा ११ बमोजिम दिएको अनुमतिपत्र खारेज गर्नु पर्नेछ।"

१४ विधेयकको दफा १६ झिक्ने र त्यसपछिका अन्य दफाक्रम मिलाउने ।

१५ विधेयकको साविकको दफा १७ अब कायम हुने दफा १६ को,-

"(१) खण्ड (क) मा रहेका "संगठित संस्थाको" भन्ने शव्दहरु पछि "नाम र" भन्ने शव्दहरु थप्ने।

(२) खण्ड (घ) मा रहेका "तत् सम्बन्धी" भन्ने शव्दहरुको सट्टा "अन्य" भन्ने शव्द राख्ने।

(३) खण्ड (ङ) झिक्ने "

१६ विधेयकको साविकको दफा १८ अब कायम हुने दफा १७ को उपदफा (१) को,-

"(१) खण्ड (क) मा रहेका "को खण्ड (क)" भन्ने शव्दहरु झिक्ने।

(२) खण्ड (ख) मा रहेका "उपदफा (२) को खण्ड (ख)" भन्ने शव्दहरुको सट्टा "उपदफा (४)" भन्ने शव्दहरु राख्ने।

(३) खण्ड (ग) मा रहेका "उपदफा (२) को खण्ड (ग)" भन्ने शव्दहरुको सट्टा "उपदफा (५)" भन्ने शव्दहरु राख्ने।"

१७ विधेयकको साविकको दफा १९ अब कायम हुने दफा १८ को उपदफा (१) मा रहेको "समानुपातिकरुपले" भन्ने शव्दको सट्टा "न्यायोचितरुपले" भन्ने शव्द राख्ने ।

१८ विधेयकको साविकको दफा २२ अब कायम हुने दफा २१ को उपदफा (४) मा रहेका "लाग्ने शुल्क र" भन्ने शव्दहरु झिक्ने ।

१९ विधेयकको साविकको दफा २३ अब कायम हुने दफा २२ को दफा शिर्षक र उपदफा (१) मा रहेका "ढल सेवा" भन्ने शव्दहरुको सट्टा "ढल निकास सेवा" भन्ने शव्दहरु राख्ने ।

२० विधेयकको साविकको दफा २४ अब कायम हुने दफा २३ को दफा शिर्षकमा रहेको "पानी" भन्ने शव्द झिक्ने र उपदफा (१) मा रहेको "घरायासी" भन्ने शव्दको सट्टा "घरेलु" भन्ने शव्द राख्ने ।

२१ विधेयकको साविकको दफा २७ अब कायम हुने दफा २६ को,-

"(१) उपदफा (२) र (३) को सट्टा देहायका उपदफा (२) र (३) राख्नेः-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले सेवाको दुरुपयोग वा सेवाको अनाधिकार उपयोग गरिरहेको छ भन्ने शङ्का गर्नु पर्ने प्रयाप्त आधार र कारण भएमा प्रचलित कानूनको प्रकृया पुरा गरी सूर्योदय देखि सूर्यास्त नभएसम्मको समयमा पूर्व सूचना नदिई अनुमति प्राप्त संस्थाबाट अधिकार प्राप्त कर्मचारी त्यस्तो व्यक्तिको घरजग्गामा प्रवेश गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम घरजग्गामा प्रवेश गर्ने कर्मचारीले सम्बन्धित घरजग्गाधनीको कुनै सम्पत्तिमा हानी नोक्सानी पुग्ने कार्य गर्नु हुदैन।"

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थप्ने :-

"(४) उपदफा (१) र (२) बमोजिम घरजग्गामा प्रवेश गर्ने कर्मचारीले घरजग्गाधनीको कुनै सम्पत्तिमा हानी नोक्सानी गरेको पाइएमा सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो घरजग्गाधनीलाई तोकिए बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ।"

२२ विधेयकको साविकको दफा २९ अब कायम हुने दफा २८ को उपदफा (२) को ,-

"(१) खण्ड (क) मा रहेको "हासिल गरेको र " भन्ने शव्दहरु पछि "सम्बन्धित" भन्ने शव्द थप्ने ।

(२) खण्ड (ख) मा रहेको "दश" भन्ने शव्दको सट्टा "सात" भन्ने शव्द राख्ने।

(३) खण्ड (ग) मा रहेको "दश" भन्ने शव्दको सट्टा "सात" भन्ने शव्द र सोही खण्डमा रहेको "एकजना" भन्ने शव्दको सट्टा "एकजना महिला" भन्ने शव्दहरु राख्ने।

२३ विधेयकको साविकको दफा ३० अब कायम हुने दफा २९ को,-

"(१) खण्ड (ग) मा रहेको "दफा २९" भन्ने शव्दहरुको सट्टा "दफा २८" भन्ने शव्दहरु राख्ने ।

(२) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राख्नेः-

" (घ) भ्रष्टाचार,जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, बन्यजन्तुको ओसारपसार, संगठीत अपराध, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएको वा अन्य फौजदारी कसूरमा तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैशला अन्तिम भएको,

२४ विधेयकको साविकको दफा ३६ अब कायम हुने दफा ३५ मा रहेको "सिमान्तकृत" भन्ने शव्दको सट्टा "विपन्न सिमान्तकृत" भन्ने शव्दहरु राख्ने ।

२५ विधेयकको साविकको दफा ३७ अब कायम हुने दफा ३६ को उपदफा (१),(२) र (३) मा रहेका "तोक्न सक्नेछ" भन्ने शव्दहरुको सट्टा "तोक्नेछ" भन्ने शव्द राख्ने ।

२६ विधेयकको साविकको दफा ४० अब कायम हुने दफा ३९ मा रहेका "तोकिए बमोजिम योग्यता भएको " भन्ने शव्दहरुको सट्टा " सम्बन्धित विषयको विज्ञता भएको" भन्ने शव्दहरु राख्ने ।

२७ विधेयकको साविकको दफा ४५ अब कायम हुने दफा ४४ को,-

"(१) खण्ड (क) मा रहेका "को खण्ड (क)" भन्ने शव्दहरु झिक्ने।

(२) खण्ड (ख) मा रहेका "उपदफा (२) को खण्ड (ख)" भन्ने शव्दहरुको सट्टा "उपदफा (४)" भन्ने शव्दहरु राख्ने।

(३) खण्ड (ग) मा रहेका “उपदफा (२) को खण्ड (ग)" भन्ने शव्दहरुको सट्टा “उपदफा (५)" भन्ने शव्दहरु राखे।"

२८ विधेयकको साविक दफा ४८ अब कायम हुने दफा ४७ मा रहेको “दफा ४७" भन्ने शव्दहरुको सट्टा “दफा ४६" भन्ने शव्दहरु राखे ।

२९ विधेयकको साविकको दफा ५६ अब कायम हुने दफा ५५ को सट्टा देहायको दफा ५५ राखेः-

५५ समन्वय समितिः (१) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनका विषयमा नेपाल सरकारलाई सुझाव दिन तथा अन्तर तहगत समन्वय कायम गर्न देहाय बमोजिमको एक समन्वय समिति रहनेछः-

(क) मन्त्री नेपाल सरकार, खानेपानी मन्त्रालय - संयोजक

(ख) राज्यमन्त्री/ सहायक मन्त्री, नेपाल सरकार, खानेपानी मन्त्रालय - सदस्य

(ग) प्रत्येक प्रदेशका खानेपानी सम्बन्धी विषय हेर्ने मन्त्री - सदस्य

(घ) सचिव, मन्त्रालय - सदस्य

(ङ) स्थानीय तहका प्रमुख वा उपप्रमुखमध्ये प्रत्येक प्रदेशबाट प्रतिनिधित्व हुनेगरी कम्तीमा तीनजना महिला सहित समावेशी सिद्वान्तको आधारमा नेपाल सरकारले मनोनयन गरेको सात जना - सदस्य

(च) सहसचिव, मन्त्रालय -सदस्य-सचिव।

(२) उपदफा (१) बमोजिमको समन्वय समितिको वैठक वर्षमा कम्तीमा एक पटक बस्नेछ ।

(३) समन्वय समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समन्वय समितिको वैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समन्वय समितिले खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनको विषयमा खानेपानी तथा सरसफाइ सेवासँग सम्बन्धित उपभोक्ता महासंघसँग राय तथा सुझाव माग गर्न सक्नेछ।

(६) समन्वय समितिको काम कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । "

(मा. कल्याणी कुमारी खड्का)
सभापति
मितिः२०७७/०२/१६